नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

मिति : २०७५।०५।०३

# प्रेस विज्ञप्ति

आज मिति २०७५ भाद्र ३ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजनामा विभिन्न मन्त्रालय लगायतका केन्द्रीय निकायका प्रतिनिधिहरू बीच अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २७ औं बार्षिक प्रतिवेदनले दिएका सुझावहरूको कार्यान्वयन अवस्थाको बारेमा वृहत् छलफल सम्पन्न भयो।

छलफलको सुरुवातमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २७ औं बार्षिक प्रतिवेदनले दिएका सुझावका मुख्य मुख्य बुँदाहरूलाई सहभागीहरू माझ प्रस्तुतीकरण गरिएको थियो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रतिनिधिज्यूले आयोगको २८ औं बार्षिक प्रतिवेदनको तयारी सुरु भैसकेकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २७ औं बार्षिक प्रतिवेदनले दिएका आफ्नो निकाय अन्तर्गतका सुझावहरू के कति कार्यान्वयन भए ? कुन कुन सुझावहरू कार्यान्वयन हुन सकेनन् ? दिएका सुझावहरू कार्यान्वयन हुन नसक्नुका कारण के के हुन ? लगायतका विषयहरु समेटिएको प्रतिवेदन यथाशक्य छिटो आयोगमा पठाउने व्यवस्था गर्न सबै सहभागीलाई आग्रह गर्नुभयो।

छलफलमा भाग लिंदै विभिन्न मन्त्रालय तथा अन्य निकायका प्रतिनिधिज्यूहरूले गत आर्थिक वर्षमा आफूले प्रतिनिधित्व गरेका निकायहरूले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २७ औं बार्षिक प्रतिवेदनले दिएका सुझावहरूको कार्यान्वयनको अवस्था र सुझावहरू कार्यान्वयनको क्रममा रहेका समस्या र चुनौतीहरू उल्लेख गर्दै आगामी दिनमा आयोगका सुझावहरू कार्यान्वयन गर्न योजनाबद्ध रूपमा अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

छलफलमा भाग लिंदै प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव श्रीमान केदार बहादुर अधिकारीज्यूले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २७ औं बार्षिक प्रतिवेदनले दिएका सुझाव लगायत अन्य संवैधानिक निकायहरूले दिएका सुझावहरूको बारेमा अद्यावधिक गरी आ-आफ्नो निकायसँग सम्बन्धित सुझावहरूको कार्यान्वयन कार्ययोजना निर्माण गरी कार्ययोजना र सो कार्ययोजनाको प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नियमित रूपमा पठाउने व्यवस्था गर्न सहभागी सबै निकायका प्रतिनिधिहरूलाई आग्रह गर्नु भयो। छलफलको अन्तमा श्रीमान सचिवज्यूले सबैको निरन्तर र सार्थक प्रयास भएमा मात्रै आम नागरिकले सुशासनको अनुभूति गर्न पाउने वातावरण सृजना हुने तर्फ सबैको ध्यान जान आवश्यक रहेको बताउनु भयो।

.......................

(विनोद बहादुर कुँवर)

प्रवक्ता, सहसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np